# कुशे गाउँपालिका
Kushe Rural Municipality
## गाउँ कार्यपालिकाको कार्यालय
Office of the Rural Municipal Executive
थर्पु भार्मा, जाजरकोट
TharpuBharma, Jajarkot

कर्णालीप्रदेश, नेपाल
Karnali Province, Nepal


पत्र संख्या : २०८३।०८४

चलानी नं

मिति : २०८३।०५।११

**प्रेस विज्ञप्ती ।**

मिति २०८३ साल साउन ३० गते जाजरकोट जिल्लाको भेरी नगरपालिका वडा नं. २ रिसाङ्गमा गएको विनाशकारी पहिरोले धनजनमा पुर्याएको ठूलो क्षतिप्रति यस गाउँपालिका परिवार गहिरो दु:ख व्यक्त गर्दछ । यस प्राकृतिक विपत्तिको कारण ज्यान गुमाउनुहुने सम्पूर्ण मृतकहरुप्रति भावपूर्ण श्रद्धाञ्जली अर्पण गर्दै गहिरो समवेदना व्यक्त गर्दछौं । साथै, पहिरोमा परी घाइते हुनु भएका सम्पूर्ण नागरिकहरुको शीघ्र स्वास्थ्य लाभको कामना गर्दछौं ।

प्राकृतिक विपत्तिवाट घाइतेहरुको प्रभावकारी उपचार र विस्थापित परिवांरलाई आवश्यक सहायताका कार्यहरुमा लाग्न सम्वन्धित सवै पक्षलाई अपिल गर्दै गाउँपालिकाको तर्फवाट पूर्ण ऐक्यवद्धता व्यक्त गर्दछौं ।पहिरो प्रभावित क्षेत्रमा राहत तथा पुनर्स्थापनाको कार्यमा सहयोग पुर्याउने उद्देश्यले "जिल्ला विपद् व्यवस्थापन कोष" मा जम्मा हुने गरी यस गाउँपालिकाको तर्फवाट रु. ५०,०००।– (अक्षरुपी पचास हजार रुपैयाँ मात्र) उपलव्ध गराउने घोषणा गर्दछौं ।

यस विपद्को कठिन घडीमा धैर्य धारण गर्दै अगाडि वढ्न प्रभावित क्षेत्रका सम्पूर्ण जनसमुदायमा हार्दिक अनुरोध गर्दै स्थानीय प्रशासन, सुरक्षा निकाय, उद्धारकर्मी तथा स्वयंसेवकहरुसँग निरन्तर सहयोग र सहकार्य गर्न गाउँपालिका परिवार तत्पर रहेको व्यहोरा समेत सबैमा जानकारी गराइन्छ ।

..............................

हरिचन्द्र वस्नेत

अध्यक्ष

हरिचन्द्र वस्नेत

(गा.पा.अध्यक्ष)




Scanned with CamScanner

CamScanner